तिलोत्तमा नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ९) तिलोत्तमा, चैत महिना २३ गते २०८२ साल (संख्या १४

## भाग : २
## तिलोत्तमा नगरपालिका

तिलोत्तमा नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# कार्यविधिको नाम : सामुदायिक विद्यालय समायोजन तथा दरबन्दी मिलान सम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावनाः** तिलोत्तमा नगरपालिका क्षेत्रभित्र १२ कक्षा सम्मको विद्यालयीय शिक्षालाई गुणस्तरीय र समयानुकूल बनाउन दुई वा दुईभन्दा बढी विद्यालयहरूलाई एउटा विद्यालयमा गाभी विद्यालय समायोजन गर्न र विद्यार्थी सङ्ख्याको अनुपातमा दरबन्दी मिलान गरी शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्ने कार्यलाई व्यवस्थित रूपमा अगाडि बढाउने सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

तिलोत्तमा नगरपालिकाको केही कानुन तर्जुमा र व्यवस्थापन गर्न बनेको ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी तिलोत्तमा नगर कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम **तिलोत्तमा नगरपालिकाको विद्यालय समायोजन तथा दरबन्दी मिलान सम्बन्धी कार्यविधि, २०८२** रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएपछि तिलोत्तमा नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) “मन्त्रालय” भन्नाले नेपाल सरकारको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनुपर्छ ।

(ख) “ऐन” भन्नाले शिक्षा ऐन, २०२८ सम्झनुपर्छ ।

(ग) “नियमावली” भन्नाले शिक्षा नियमावली, २०५९ (संशोधन सहित) सम्झनुपर्छ ।

(घ) “नगर शिक्षा नियमावली” भन्नाले तिलोत्तमा नगरपालिकाको शिक्षा नियमावली, २०७४ सम्झनुपर्छ।

(ङ) “विद्यालय समायोजन” भन्न्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (ज) अनुसार दुई वा दुई भन्दा वढी विद्यालयहरू एक आपसमा गाभ्ने वा एक आपसमा गाभी नयाँ विद्यालय स्थापना गर्ने वा विद्यालयको तह वा कक्षा घटाउने बढाउने वा विद्यालय बन्द गर्ने समेतको कार्यलाई जनाउँछ ।

(च) “दरबन्दी मिलान” भन्नाले विद्यार्थी सङ्ख्या कम भई समायोजन हुने विद्यालयका दरबन्दी र विद्यार्थी सङ्ख्याको अनुपातमा बढी दरबन्दी भएका विद्यालयका दरबन्दीलाई शिक्षक विद्यार्थीको अनुपातमा कम शिक्षक दरबन्दी भएका विद्यालयमा दरबन्दी व्यवस्थापन गर्ने कार्यलाई सम्झनुपर्छ ।

(छ) “नगरपालिका” भन्नाले तिलोत्तमा नगरपालिकालाई सम्झनुपर्छ ।

(ज) "नगर शिक्षा समिति" भन्नाले तिलोत्तमा नगरपालिकाको शिक्षा नियमावली, २०७४ को नियम २४ बमोजिम गठन भएको समितिलाई सम्झनुपर्छ ।

(झ) "विद्यालय" भन्नाले तिलोत्तमा नगरपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक विद्यालयलाई सम्झनुपर्छ।

## परिच्छेद-२

## विद्यालय समायोजन सम्बन्धी व्यवस्था

**३. विद्यालय समायोजन गर्ने कार्यविधिः**

(१) यो कार्यविधि प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका विद्यालय मध्ये कुनै विद्यालय अर्को विद्यालयबाट नजिकको दूरीमा रहेर सीमित विद्यार्थीलाई सेवा पुऱ्याएका तर आधारभूत विद्यालय (कक्षा १-३ वा १-५ वा १-८) का रूपमा सञ्चालन गर्नका लागि यस कार्यविधिले तोकेका न्यूनतम आधार तथा मापदण्डहरू पुरा गर्न नसकेका विद्यालयहरूलाई नजिकको विद्यालयसँग गाभी वा तह मिलान गरी सञ्चालनमा ल्याइनेछ ।

(२) माध्यमिक तह (कक्षा ९-१० वा ९-१२) सञ्चालनमा रहेका विद्यालयहरूको हकमा समेत उपदफा (१) को व्यवस्था लागु हुनेछ।

(३) यस कार्यविधिमा भएको व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा कुनै द्विविधा भएमा नगरपालिकाले निर्णय प्रक्रियामा सरलीकृत गर्नेछ ।

(४) विद्यालय समायोजन र दरबन्दी मिलानका लागि आवश्यक सहयोग जुटाउन नगरपालिकाले सम्बन्धित सरोकारवालासँग समन्वय र सहकार्य गर्नेछ ।

(५) नगरपालिकाले विद्यालय समायोजन र दरबन्दी मिलानका कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा उपलब्धिको समीक्षा गरी आगामी कार्यक्रमलाई मार्गनिर्देशन गर्न सक्नेछ ।

## ४. विद्यालय समायोजनका आधारहरू:

(१) नगरपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४, नगर शिक्षा नियमावली, २०७४ तथा सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यविधि, २०७७ बमोजिम देहायका आधारमा दुई वा दुईभन्दा बढी सामुदायिक विद्यालयहरूलाई गाभी एउटा विद्यालय कायम गर्न वा स्थान परिवर्तन गर्न वा तह तथा कक्षा घटाउन वा बढाउन सक्नेछ ।

(क) धार्मिक विद्यालय बाहेक अन्य विद्यालयमा देहायको विद्यार्थी सङ्ख्या कायम नरहेमा र भविष्यमा पनि उक्त विद्यार्थी सङ्ख्या पुग्ने पर्याप्त आधार नदेखिएमा ।

| क्र.सं. | कक्षा | न्यूनतम विद्यार्थी सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १ | १-५ | ७५ जना | |
| २ | ६-८ | ४५ जना | |
| ३ | ९-१० | ३० जना | |
| ४ | ११-१२ | ४० जना | |

(ख) नजिकको दूरीमा रहेका र आपसमा गाभिएर उच्च तहको विद्यालयको हैसियत प्राप्त गर्न चाहने दुई वा सोभन्दा बढी विद्यालयहरू आपसी सहमति गरी आएमा ।

(ग) दुई वा सोभन्दा बढी विद्यालयबिचको पैदल दूरी ३० मिनेट भन्दा कम रहने अवस्था भएमा।

(घ) निरन्तर विद्यार्थी सङ्ख्या घट्दो क्रममा रहेमा तथा विद्यालयको शैक्षिक उपलब्धि सन्तोषजनक नभएमा ।

(२) दफा ४ को उपदफा (१) को खण्ड (क) मा तोकिएको मापदण्ड भन्दा कम विद्यार्थी सङ्ख्या भएतापनि कुनै वडामा एक मात्र विद्यालय

रहेको अवस्थामा त्यस्तो विद्यालय समायोजन गरिने छैन तर तह मिलान गर्न सकिनेछ ।

(३) नगरपालिकाले दुई वा दुई भन्दा वढी विद्यालय गाभी नयाँ विद्यालय स्थापना गर्न, ठाउँ परिवर्तन गर्न वा तह तथा कक्षा घटाउन विद्यालय समायोजन तथा तह मिलान सम्बन्धी कार्य गर्नेछ ।

(४) कक्षा १-८, १-१० र १-१२ सञ्चालनमा रहेका विद्यालयको विद्यार्थी सङ्ख्याको न्यूनतम मापदण्ड नपुगेको कारण विद्यालय समायोजन हुने अवस्था आएमा एक शैक्षिक सत्रका लागि विद्यालय समायोजन नगरी माथिल्लो तहलाई एक तह मिलान गरिनेछ । अर्को शैक्षिक सत्रमा न्यूनतम विद्यार्थी सङ्ख्याको मापदण्ड पूरा नगरेमा त्यस्ता विद्यालयलाई समायोजन गरिनेछ ।

(५) उपदफा (१), (२), (३) र (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि अनुसूची-१ बमोजिम तह मिलान भएका विद्यालयबाट शैक्षिक सत्र २०८३ मा कक्षा थपका लागि तह मिलान भएको कक्षा भन्दा माथिल्लो कक्षामा प्रति कक्षा न्यूनतम २० जना विद्यार्थी भर्ना हुने सुनिश्चितता सहित प्रधानाध्यापकको लिखित प्रतिवद्धता र विद्यालय व्यवस्थापन समितिको निर्णय सहित भर्ना खुलेको १५ दिन भित्र विद्यार्थी सङ्ख्या यकिन गरी नगरपालिका समक्ष लिखित निवेदन पेस हुन आएमा कक्षा थपको अनुमति दिन सकिनेछ तर तोकिएको समयावधि भित्र कक्षा थपको लागि आवश्यक विद्यार्थी सङ्ख्याको मापदण्ड नपुगेमा स्वतः तह मिलान अनुसारको कक्षा कायम हुनेछ ।

(६) नगरपालिकाको निर्णयानुसार विद्यालय गाभिए पछि कायम भएको विद्यालयको नाममा गाभिने विद्यालयहरूको सबै चल अचल सम्पत्ति नयाँ कायम हुने विद्यालयको नाममा कायम गरी आवश्यकता र

औचित्यका आधारमा अन्य सार्वजनिक प्रयोजनका लागि प्रयोग गर्नु पर्ने भएमा विद्यालयसँगको समन्वयमा गर्न सकिनेछ ।

(७) यस कार्यविधि बमोजिम समायोजन र तह मिलान हुने विद्यालयको विवरण अनुसूची-१ र विद्यालय समायोजन तथा तह मिलान गर्दा विद्यालयलाई दिइने पत्रको ढाँचा क्रमश अनुसूची-२ र अनुसूची-३ बमोजिम हुनेछ ।

**५. दरबन्दी मिलानका आधारहरूः** नगरपालिकाले समायोजन वा तह मिलान गर्दा प्रारम्भिक बाल विकास कक्षादेखि कक्षा ५ सम्म सञ्चालन भएका विद्यालयमा न्यूनतम प्रति कक्षा एक जना शिक्षक रहने गरी माथिल्ला कक्षाहरूमा विषयगत रूपमा शिक्षक व्यवस्थापन गर्नेछ । समायोजन वा तह मिलान भएका विद्यालयका शिक्षकहरूलाई दरबन्दी कम भएका वा कुनै प्रकारको दरबन्दी नभएका विद्यालयहरूमा व्यवस्थापन गर्न दरबन्दी मिलानका लागि देहायका आधार लिइनेछ ।

| क्र.सं. | कक्षा | न्यूनतम् शिक्षक सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास | १ | |
| २ | १-५ | ३ | कक्षा १-३ को हकमा न्यूनतम् २ जना |
| ३ | ६-८ | ३ | भाषा, गणित र विज्ञान तथा सामाजिक अनिवार्य |
| ४ | ९-१० | ५ | भाषा, गणित, विज्ञान र सामाजिक अनिवार्य |

| **क्र.सं.** | **कक्षा** | **न्यूनतम् शिक्षक सङ्ख्या** | **कैफियत** |
|---|---|---|---|
| ५ | ९-१२ | ७ | भाषा, गणित, विज्ञान र सामाजिक अनिवार्य तथा ऐच्छिक विषय |

**६. विद्यालय समायोजन पश्चात शिक्षक र कर्मचारीको व्यवस्थापनः**

(१) विद्यालय समायोजन वा तह मिलान पश्चात विद्यालयमा आवश्यकता भन्दा बढी भएका शिक्षक र कर्मचारीलाई नगरपालिकाको पुल दरवन्दीमा राखी अर्को व्यवस्था नभएसम्मको लागि समायोजन भएकै वा गाभिएकै विद्यालयमा कामकाजमा खटाउन सकिनेछ । तर गाभिएको विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक वा कर्मचारीको सङ्ख्या आवश्यकता भन्दा बढी भएमा नगरपालिकाले नगरपालिका भित्रका अन्य विद्यालयहरूमा आवश्यकताका आधारमा पदस्थापना गर्नेछ ।

(२) नगरपालिकाको कुनै विद्यालयको कर्मचारीको पद अनिवार्य अवकाश वा अन्य कारणले रिक्त भएमा पुल दरबन्दीमा रहेका कर्मचारीलाई नगरपालिकाले व्यवस्थापन गरी पुलमा रहेको अनुदान कोटा स्वतः खारेज गर्नेछ ।

(३) कुनै पनि प्रकारको दरबन्दी नभएका तर न्यूनतम विद्यार्थी सङ्ख्या भई सञ्चालनमा रहेका विद्यालयहरूमा दरबन्दी मिलानका क्रममा शिक्षक व्यवस्थापनलाई प्राथमिकतामा राखिनेछ।

(४) शिक्षक विद्यार्थी अनुपात कम भएका विद्यालयमा कार्यरत तहमा तोकिएको भन्दा माथिल्लो तहको योग्यता भएको शिक्षकलाई माथिल्लो कक्षा सञ्चालन भएको नजिकको विद्यालयमा शिक्षक स्वयंको

इच्छाले जान चाहेमा तहगत वा विषयगत रूपमा शिक्षक व्यवस्थापन हुने गरी दरबन्दी मिलान गरिनेछ।

(५) समायोजन गरिएका विद्यालयको हकमा नियमावली अनुसार योग्यता भएका शिक्षकलाई प्रधानाध्यापकको रूपमा व्यवस्थापन गर्न र योग्यता नपुगेमा तहगत वरिष्ठताका आधारमा निमित्त प्रधानाध्यापकको रूपमा व्यवस्थापन गर्न विद्यालय व्यवस्थापन समितिलाई उत्तरदायी बनाइनेछ । दरबन्दी मिलानका क्रममा समेत प्रधानाध्यापक व्यवस्थापनलाई जोड दिइनेछ ।

**७. विद्यालयको समायोजन पश्चातको कक्षा व्यवस्थापनः**

(१) मातृ विद्यालयको विद्यालय व्यवस्थापन समितिले आवश्यक ठानेमा समायोजन भएका विद्यालयमा बालविकास कक्षा तथा विद्यालयको सेक्टरको रूपमा अन्य कक्षा सञ्चालन गर्न सक्नेछ ।

(२) कक्षा १-८ सम्म आधारभूत विद्यालयको रूपमा सञ्चालनमा रहेका विद्यालयले यस कार्यविधिमा तोकिएका आधार तथा मापदण्ड पूरा नगरेमा कक्षा १-५ मात्र सञ्चालन गर्न पाउनेछन्।

(३) कक्षा १-१० सम्म माध्यमिक विद्यालयको रूपमा सञ्चालनमा रहेका विद्यालयले यस कार्यविधिमा तोकिएका आधार तथा मापदण्ड पूरा नगरेमा कक्षा १-८ मात्र सञ्चालन गर्न पाउनेछन्।

(४) कक्षा १-१२ सम्म माध्यमिक विद्यालयको रूपमा सञ्चालनमा रहेका विद्यालयले यस कार्यविधिमा तोकिएका आधार तथा मापदण्ड पूरा नगरेमा कक्षा १-१० मात्र सञ्चालन गर्न पाउनेछन्।

**८. समायोजन हुने विद्यालयको नामाकरण र सम्पत्तिको उपयोगः**

(१) दुई वा दुई भन्दा बढी विद्यालयहरू समायोजन पश्चात विद्यालयको नामाकरण मातृ विद्यालयको नामबाट गरिनेछ ।

(२) समायोजन हुने विद्यालयको भवन संरचना वा जग्गा उपयोग नभएको अवस्थामा मात्र विद्यालयको सिफारिस र सरोकारवाला समुदायको निवेदनका आधारमा नगरपालिकाले त्यस्तो भवन संरचना वा जग्गामा प्रारम्भिक बालविकास कक्षा, वैकल्पिक शिक्षा, सामुदायिक सिकाइ केन्द्र, पुस्तकालय वा स्थानीय तहको आवश्यकता अनुसारका अन्य कार्यालय सञ्चालन गर्न वा सञ्चालन गर्ने अनुमति दिन सक्नेछ ।

(३) समायोजन भै सञ्चालनमा नरहेका विद्यालय भएको स्थानमा भविष्यमा पुनः विद्यालय सञ्चालनका लागि न्यूनतम विद्यार्थी सङ्ख्या भएमा र विद्यालय सञ्चालन गर्न आवश्यक देखिएमा नगरपालिकाले अनुमति दिन सक्नेछ ।

## परिच्छेद-३

## भौतिक तथा शैक्षिक व्यवस्थापन र अनुदान सम्बन्धी व्यवस्था

**९. विद्यालय समायोजन पछि गर्नुपर्ने भौतिक व्यवस्थापनः**

(१) विद्यालय समायोजन वा गाभिए पश्चात उक्त विद्यालयमा रहेका फर्निचर, पाठ्यसामग्री लगायतका अन्य शैक्षिक सामग्री गाभिएको विद्यालयको नाममा जिन्सी दाखिला गर्नुपर्नेछ ।

(२) विद्यालय समायोजन वा गभिए पश्चात गाभिएको विद्यालयमा रहेका शैक्षिक प्रयोजनमा काम नलाग्ने पुराना शैक्षिक सामग्री र मालसामानको विवरण तयार गरी त्यस्ता मालसामानको न्यूनतम् मूल्य कायम गरी विद्यालय व्यवस्थापन समितिले डाँक बढाबढको माध्यमबाट लिलाम बिक्री गर्नु पर्नेछ । यसरी लिलाम बिक्रीबाट प्राप्त हुन आउने रकम मात्र विद्यालयको कोषमा जम्मा गर्नुपर्नेछ ।

(३) विद्यालय समायोजन वा गभिए पश्चात गाभिएको विद्यालयको आय आर्जनमा प्रयोग भएका जग्गामा कृषि, पशुपालन, व्यावसायिक खेती गरेको वा अन्य प्रयोजनमा उपयोग भएको रहेछ भने त्यस्तो कार्यलाई मातृ विद्यालयले निरन्तरता दिनुपर्नेछ ।

(४) प्रचलित कानुनको अधिनमा रही समायोजन हुने विद्यालयले जग्गा वा भवन संरचना भाडामा दिएको भएमा मातृ विद्यालयले सम्झौता अवधिसम्म त्यस्ता सम्झौतालाई निरन्तरता दिन सक्नेछ ।

(५) अनुमति वा स्वीकृति रद्द गरिएको वा बन्द गरिएको विद्यालयको चल अचल सम्पत्तिको संरक्षण नगरपालिकाले गर्नेछ ।

**१०. प्रोत्साहन अनुदान दिइने:**

(१) दुई वा दुईभन्दा बढी विद्यालय एक आपसमा समायोजन भई गाभिएमा त्यसरी गाभिएका विद्यालयको भौतिक एवम् शैक्षिक सुविधा व्यवस्थापनको लागि आगामी आर्थिक बर्ष २०८३।८४ को बजेटमा पूरै विद्यालय गाभिएमा एक पटकका लागि मातृ विद्यालयलाई प्रोत्साहन अनुदान उपलब्ध गराइनेछ ।

(२) तह मिलान भएका विद्यालयको दीगोपनाका लागि शैक्षिक गुणस्तर तथा सिकाइ उपलब्धि र विद्यार्थी सङ्ख्यामा वृद्धि लगायतका शैक्षिक कार्यक्रम सञ्चालनका लागि नगरपालिकाले प्रोत्साहन रकम उपलब्ध गराउनेछ ।

(३) विद्यालय समायोजन भएपछि मातृ विद्यालयमा भवन, शौचालय, फर्निचर आदि निर्माण गर्न अत्यावश्यक भएमा उक्त कार्यको लागि संघ, प्रदेश वा नगरपालिकामा भौतिक सुविधा विस्तारको शीर्षकमा आउने अनुदान उपलब्ध गराउने सम्बन्धमा त्यस्ता विद्यालयलाई पहिलो प्राथमिकता दिइनेछ ।

(४) नगरपालिकाले विद्यालय समायोजन तथा तह मिलान गरिएका विद्यालयका विद्यार्थीलाई नजिकको विद्यालयसम्म निःशुल्क आवतजावत र सहज पहुँच सुनिश्चित गर्न मातृ विद्यालयलाई यातायात व्यवस्थापनका लागि अनुदान उपलब्ध गराउन सक्नेछ ।

## परिच्छेद-४

## विद्यालय समायोजन सम्बन्धी नगरपालिका अन्तर्गतका निकायहरूको दायित्व

**११. विद्यालय व्यवस्थापन समितिको दायित्वः** विद्यार्थी सङ्ख्या कम भई विद्यालयमा शिक्षक व्यवस्थापन गर्न असजिलो भएको भनी आफ्नो विद्यालयको सेवा क्षेत्रभित्रका बालबालिकाहरूको पहुँच विद्यालयमा सहज हुने गरी नजिकको विद्यालयमा समायोजन गर्ने तथा तह वा कक्षा घटाउने निर्णय गर्ने वा नगरपालिकालाई राय पेस गर्ने तथा विद्यालय समायोजन तथा दरबन्दी मिलान सम्बन्धी कार्यमा सहयोग गर्नु विद्यालय ब्यवस्थापन समितिको दायित्व हुनेछ ।

**१२. वडाको दायित्वः** विद्यालय समायोजन वा गाभ्ने सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि आफ्नो वडाभित्रका विद्यालयहरूको अवस्था अध्ययन गरी विद्यालय समायोजन र दरबन्दी मिलान सम्बन्धमा बैठक, छलफल र अन्तक्रिया कार्यक्रम सञ्चालन गरी सुझावहरू सङ्कलन गरी नगरपालिकामा पेस गर्ने दायित्व सम्बन्धित वडाको हुनेछ ।

**१३. नगर शिक्षा समितिको दायित्वः** विद्यालय व्यवस्थापन समिति र विद्यालयहरूसँग परामर्श एवम् छलफल गरी प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी तथा यस कार्यविधिमा भएको व्यवस्था र सर्तका आधारमा विद्यालय समायोजन र दरबन्दी मिलान सम्बन्धी भएका निर्णयहरूको कार्यान्वयन गर्ने जिम्मेवारी नगर शिक्षा समितिको हुनेछ ।

## परिच्छेद-५

## विविध

१४. **कार्यविधिमा संशोधनः** नगर कार्यपालिकाले यस कार्यविधिमा आवश्यक संशोधन गर्न सक्नेछ ।

१५. **व्याख्याः** यस कार्यविधिमा भएका व्यवस्थाको ब्याख्या नगरपालिकाबाट हुनेछ र नगरपालिकाबाट भएको व्याख्या नै अन्तिम हुनेछ ।

१६. **प्रचलित कानुन बमोजिम हुनेः** यस कार्यविधिको व्यवस्था प्रचलित कानुनसँग बाझिएमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**अनुसूची-१**

कार्यविधिको दफा ४ को उपदफा (७) सँग सम्बन्धित

**<u>समायोजन तथा तह मिलान हुने विद्यालयको विवरण</u>**

(क) **समायोजन हुने विद्यालयको विवरण**

| क्र.सं. | समायोजन गर्ने विद्यालयको नाम | समायोजन भई जाने विद्यालयको नाम | कैफियत |
|---|---|---|---|
| १. | बोहिया आधारभूत विद्यालय, तिलोत्तमा-१६ | कोटहिमाई मिसुजु आधारभूत विद्यालय तिलोत्तमा-१६ | |
| | कोटहिमाई मिसुजु आधारभूत विद्यालय, तिलोत्तमा-१६ | | |
| २. | कोटियामाई आधारभूत विद्यालय, तिलोत्तमा-१२ | सरस्वती आधारभूत विद्यालय, तिलोत्तमा-१२ | |
| ३. | मेदिनी आधारभूत विद्यालय, तिलोत्तमा-६ | शान्ति नमुना माध्यमिक विद्यालय, तिलोत्तमा-५ | |
| ४. | नमुना महिला आधारभूत विद्यालय, तिलोत्तमा-१४ | टिकुलिगढ माध्यमिक विद्यालय, तिलोत्तमा-१४ | |
| ५. | नवज्योति शंकरमान आधारभूत विद्यालय, तिलोत्तमा-११ | भुल्के माध्यमिक विद्यालय, तिलोत्तमा-११ | |
| ६. | सेमरी आधारभूत विद्यालय, तिलोत्तमा-१३ | जनता माध्यमिक विद्यालय, तिलोत्तमा-१३ | |

(ख) **तह मिलान हुने विद्यालयको विवरण**

| क्र.सं. | तह मिलान गर्ने विद्यालयको नाम | हाल सञ्चालनमा रहेको तह | मिलान हुने तह | कैफियत |
|---|---|---|---|---|
| १. | बाल विकास आधारभूत विद्यालय, तिलोत्तमा -१७ | आधारभूत तह, कक्षा ८ | आधारभूत तह, कक्षा ५ | |

| क्र.सं. | तह मिलान गर्ने विद्यालयको नाम | हाल सञ्चालनमा रहेको तह | मिलान हुने तह | कैफियत |
|---|---|---|---|---|
| २. | ज्योति आधारभूत विद्यालय, तिलोत्तमा -८ | आधारभूत तह, कक्षा ८ | आधारभूत तह, कक्षा ५ | |
| ३. | शिवपुर माध्यमिक विद्यालय, तिलोत्तमा -११ | माध्यमिक तह, कक्षा १२ | माध्यमिक तह, कक्षा १० | |
| ४. | गणेश आधारभूत विद्यालय, तिलोत्तमा -११ | आधारभूत तह, कक्षा ८ | आधारभूत तह, कक्षा ५ | |
| ५. | बभनी आधारभूत विद्यालय, तिलोत्तमा -१३ | आधारभूत तह, कक्षा ५ | आधारभूत तह, कक्षा ३ | |
| ६. | सरस्वती आधारभूत विद्यालय, तिलोत्तमा -१२ | आधारभूत तह, कक्षा ५ | आधारभूत तह, कक्षा ३ | |
| ७. | सत्यलक्ष्मी आधारभूत विद्यालय, तिलोत्तमा-६ | आधारभूत तह, कक्षा ५ | आधारभूत तह, कक्षा ३ | |

## अनुसूची-२

कार्यविधिको दफा ४ को उपदफा (७) सँग सम्बन्धित

**समायोजन हुने विद्यालयलाई दिइने पत्रको ढाँचा**

मितिः ............................

**विषयः विद्यालय समायोजन गरिएको ।**

श्री .............................. विद्यालय,
तिलोत्तमा नगरपालिका .............., रूपन्देही ।

तिलोत्तमा नगरपालिकाको विद्यालय समायोजन तथा दरवन्दी मिलान सम्बन्धी कार्यविधी, २०८२ को को दफा ४ सँग सम्बन्धित अनुसूची-१ बमोजिम शैक्षिक सत्र ........ देखि लागु हुने गरी तहाँ विद्यालयलाई तपसिलको विद्यालयमा समायोजन गरिएको हुदाँ नगरपालिकाबाट अर्को व्यवस्था नहुँदासम्मका लागि तहाँ कार्यरत शिक्षक तथा कर्मचारीलाई समायोजन भई गएको विद्यालयमा हाजिर भई कामकाज गर्ने गराउने व्यवस्था मिलाउनु हुन जानकारी गराइन्छ ।

**तपसिलः**

| समायोजन भई गएको विद्यालय | ठेगाना |
|---|---|
| ...............विद्यालय | तिलोत्तमा नगरपालिका- ........, रूपन्देही । |

**बोधार्थ** ........................................

श्री शिक्षा तथा मानव श्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

श्री शिक्षा विकास तथा समन्वय इकाइ, भैरहवा, रूपन्देही ।

श्री .............नं. वडा कार्यालय, तिलोत्तमा नगरपालिकाः जानकारी तथा सहजीकरणका लागि ।

श्री ......................विद्यालय, तिलोत्तमा नगरपालिका-...... रूपन्देहीः अर्को व्यवस्था नभएसम्मका लागि समायोजन भएको विद्यालयको नाममा रहेको नगदी तथा जिन्सी सामग्री र चल अचल सम्पत्तिको जिम्मा लिनु हुन र कार्यरत शिक्षक तथा कर्मचारीहरूलाई हाजिर गराइ कामकाजमा लगाउनु हुन ।

श्री आर्थिक प्रशासन शाखा, तिलोत्तमा नगरपालिका ।

प्रधानाध्यापक श्री ................, ................. विद्यालय, तिलोत्तमा नगरपालिका-...... रूपन्देहीः समायोजन भई गएको विद्यालय समक्ष आफ्नो जिम्मामा रहेको नगदी तथा जिन्सी सामग्री र चल अचल सम्पत्ति बरबुझारथ गर्नुहुन ।

**अनुसूची-३**

कार्यविधिको दफा ४ को उपदफा (७) सँग सम्बन्धित

**तह मिलान हुने विद्यालयलाई दिइने पत्रको ढाँचा**

मिति : ...........................

**विषयः तह मिलान गरिएको ।**

श्री ............................. विद्यालय,
तिलोत्तमा नगरपालिका ............., रूपन्देही ।

तिलोत्तमा नगरपालिकाको विद्यालय समायोजन तथा दरवन्दी मिलान सम्बन्धी कार्यविधी २०८२ को दफा ४ सँग सम्बन्धित अनुसूची-१ बमोजिम शैक्षिक सत्र ........ देखि लागु हुने गरी तहाँ विद्यालयलाई तपसिल बमोजिमको तह र कक्षामा तह मिलान गरिएको बेहोरा जानकारी गराइन्छ ।

**तपसिल**

| हाल सञ्चालित तह र कक्षा | तह मिलान गरिएको तह र कक्षा |
|---|---|
| ..............तह कक्षा ........ | ..............तह कक्षा ........ |

**बोधार्थः** ....................................

श्री शिक्षा तथा मानव श्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

श्री शिक्षा विकास तथा समन्वय इकाइ, भैरहवा, रूपन्देही ।

श्री .............नं. वडा कार्यालय, तिलोत्तमा नगरपालिकाः जानकारी तथा सहजीकरणका लागि ।

श्री आर्थिक प्रशासन शाखा, तिलोत्तमा नगरपालिका ।

**आज्ञाले**

**प्रमाणीकरण मितिः २०८२/१०/२८ गते**

**(खुमलाल भुसाल)**
**प्रमुख प्रशासकीय अधिकृत**